# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मरिण गाउँपालिका

### सिन्धुली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## मरिण गाउँपालिका

## सिन्धुली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मरिण गाउँपालिका

### सिन्धुली

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय ....

पत्र संख्याः २०७८।७९
च.नं. १०३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
मरिण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुली ।

**कैफियत सहितको राय**

हामीले मरिण गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड ७ लाख २६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु २ करोड ६३ लाख ४१ हजार फस्योँट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१३ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३० लाख ६१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ६२ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड ७१ लाख ९० हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

मरिण गाउँपालिका, सिन्धुली

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४८ | २०९ | ३०७२६ | ० | १४३ | २६३४१ | ४८ | ६६ | ४३८५ | १३२४ | ० | ३०६१ | ० | ० | ३०६१ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १६ | पेश्की फछ्र्यौट | २५०००० |
| २ | २१।२ | रकम असुली | ४६७७ |
| ३ | २३ | ननफाइलर | २९३२२ |
| ४ | २५ | पदाधिकारी भ्रमण | १६७८६० |
| ५ | २६ | अनुगमन भत्ता | ६८२४०० |
| ६ | २८ | कार्यपत्र पेश | ५८३२५ |
| ७ | ३१ | पारिश्रमिक कर | १५३११३ |
| ८ | ३२ | पदाधिकारी इन्धन | ९२९९० |
| ९ | ३३ | तीज कार्यक्रम | १००००० |
| १० | ३५।२ | आमा सुरक्षा कार्यक्रम | १०७१००० |
| ११ | ३५।३ | वितरण प्रमाण | ७२००० |
| १२ | ३५।४ | भुक्तानीमा कर | ३७९० |
| १३ | ३५।५ | धान प्रर्वरद्धन कार्यक्रम | १८००००० |
| १४ | ३६।२ | सक्कल विल | ५९९९८ |
| १५ | ३६।४ | शिर्षक फरक | ५५६०० |
| १६ | ३६।५ | बढी खर्च | ७९७१ |
| १७ | ३६।६ | शिर्षक फरक | ३०१५८६ |
| १८ | ३६।७ | बाखा पकेट | १३५०००० |
| १९ | ३८ | विल भर्पाइ वेगर खर्च | २०३०४ |
| २० | ४० | धरौटी फिर्ता | २५६१२७ |
| २१ | ४२।३ | शिक्षकको तलव | ३३५७१ |
| २२ | ४२।४ | बढी भुक्तानी | ७११२ |
| २३ | ४२।६ | बढी निकासा | ५०६८ |
| २४ | ४२।७ | गत वर्षको भुक्तानी | ३२५०४९ |
| २५ | ४२।८ | पा पु मा बढी निकासा | ३८०६ |
| २६ | ४२।११ | छात्रावृत्ति | ७९०० |
| २७ | ४२।१३ | प्रोहोत्साहन | ५०००० |
| २८ | ४४ | बढी भुक्तानी | ३०४२ |
| २९ | ४५ | एज विल्ड | २०००० |
| ३० | ४६ | प्रोभिजनल सम | २३६८०० |
| ३१ | ४७ | बढी भुक्तानी | १७८०७६३ |
| | ४८ | प्रोभिजनल सम | ६९४०७ |

| | | | |
|---|---|---|---|
| ३२ | ५१ | ननफाइलर | १२५३५७३ |
| ३३ | ५२ | मु अ कर | १९५१६१ |
| ३४ | ५३ | पाइप जडान | ११३४०३० |
| ३५ | ५५ | मु अ कर | ४९७७७ |
| ३६ | ५७ | उ स मार्फत | २४४६५०७ |
| ३७ | ६१ | कोभिड १९ | ५९५० |
| ३८ | ६२ | फोटोकपी विजक | ३०३९३ |
| ३९ | ६३ | कर्मचारी खाजा खर्च | ९९४८५० |
| ४० | ६४।१ | कक्षा ८ परीक्षा | ४०००० |
| ४१ | ६४।२ | कक्षा ८ परीक्षा | ४३४३७ |
| ४२ | ६५ | प्रकोप फोहोरमैला | १६२५९३७ |
| ४३ | ६७ | अतिरिक्त समय भत्ता | ८०९५१३ |
| ४४ | ७० | रीतपूर्वक कर | ११०५५४५ |
| ४६ | ७१ | एक विधालय नर्स | ५०८३०० |
| ४७ | ७३ | गै स स लाइ पेश्की | २५०६० |
| ४८ | ७४ | सफ्टवेयर निर्माण | ३४५७८० |
| ४९ | ७५ | का स प्रतिवेदन | ५२०८१२० |
| ५० | ७७ | जिन्सी दाखिला | ९०४०० |
| ५१ | ७८ | अनुदान वितरण | ११९०५११ |
| ५२ | ७९।१ | सम्झौता अगिका विल | ५७१०२ |
| ५३ | ७९।३ | आयकर | १५५८५ |
| ५४ | ७९।४ | कर विजक | ३५७६४ |
| ५५ | ७९।५ | विल भर्पाइ | ५०००० |
| जम्मा | | | २६३४०७७८ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मरिण गाउँपालिका सिन्धुली | ६६१४८ | ० | १३३४३ | ५२८०५ | ० | ४३८५ | ५७१९० |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मरिण गाउँपालिका, सिन्धुली ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री ओम वहादुर दर्जी | २०७८-८-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लेखा अधिकृत श्री सपना शर्मा | २०७६-१२-२५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४,३८४,७४२.९३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ८,७६,५२,१०६.४५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,६९,८०,२२३.६५ | **चालु खर्च** | ३३,१०,५०,१३१.७४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,९९,१६,७५६.६६ | **पूँजीगत खर्च** | १८,८४,५७,५५४.९४ |
| **राजश्व बाँडफाँट** | ११,९८,४०,५९३.२ | **वित्तीय/अन्य व्यवस्था** | ९,१८,९०,४८७.०९ |
| **आन्तरिक आय** | २,३४,७४,५०१.२६ | | |

| | | | |
|---|---|---|---|
| **अन्य आय** | ९,२७,१६,१९०.३८ | | |
| **कुल आय** | ५८,२९,२८,२६५.१५ | **कुल खर्च** | ६१,१३,९८,१७३.७७ |
| **बाँकी मौज्दात** | | ५,९१,८२,१९७.८३ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ः | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मरिण गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ३२४.५५वर्ग किलोमिटर क्षेत्रफल तथा २७ हजार ८२२ जनसंख्या रहेको छ । | |

<table>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः<br><br>संघीय समपुरक कोषको बढी खर्च भएको रु ४४००२५।-, सामाजिक सुरक्षाबापत बैंकमा मौज्दात रहेको रु.१६२४९७६।-,दोहोरो दैनिक भ्रमण भत्ता र अन्य भत्ता वापत रु.१३७९५०।- र सामाजिक सुरक्षा कोषको खर्च गाउँपालिकाबाट लेख्नुपर्नेमा संङ्घीय शसर्त अनुदानबाट खर्च लेखेको रु ३७०६४४।- गरी जम्मा रु. २५७३५९५।- लेखापरीक्षणबाट औंल्याइएपछि बेरुजु दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>स्थानीय सञ्चित कोष<br><br>गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्थाको लेखाङ्कन अवलम्बन गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७२ निम्न बमोजिम रहेको छः<br><br>
<table>
<tr><th colspan="4">प्रासी भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th colspan="3">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्रासी (क+ख)</td><td>५५,२५,८२,८९७.९७</td><td>४९,६८,३४,५९३.३७</td><td>४९,६८,३४,५९३.३७</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>५४,४३,४१,०७९.९८</td><td>४८,८१,२२,६५०.७७</td><td>४८,८१,२२,६५०.७७</td></tr>
<tr><td>११००० कर</td><td>११,८७,४६,०००.००</td><td>११,७९,९७,६२४.८५</td><td>११,७९,९७,६२४.८५</td></tr>
<tr><td>१३००० अनुदान</td><td>३९,५९,४८,०००.००</td><td>३४,६२,२२,९८०.३१</td><td>३४,६२,२२,९८०.३१</td></tr>
<tr><td>संघीय सरकार</td><td>३३,८५,७३,०००.००</td><td>३०,६३,०६,२२३.६५</td><td>३०,६३,०६,२२३.६५</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| प्रदेश सरकार | ५,७३,७५,०००.०० | ३,९९,१६,७५६.६६ | ३,९९,१६,७५६.६६ |
| १४००० अन्य राजस्व | २,९६,४७,०७९.९८ | २,३९,०२,०४५.६१ | २,३९,०२,०४५.६१ |
| ख. अन्य प्राप्ति | ८२,४१,८१७.९९ | ८७,११,९४२.६० | ८७,११,९४२.६० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | ८२,४१,८१७.९९ | ३६,९१,९४२.४९ | ३६,९१,९४२.४९ |
| धरौटी | ० | ५०,२०,०००.११ | ५०,२०,०००.११ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६३,६०,८८,८१७.९९ | ५२,५६,७७,१२९.७२ | ५२,५६,७७,१२९.७२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६२,७८,४७,०००.०० | ५१,८८,३३,६८६.६८ | ५१,८८,३३,६८६.६८ |
| ११००० कर | ० | ० | ० |
| २१००० पारिश्रमिक / सुविधा | १३,१७,९४,३००.०० | १२,४९,२०,३७१.२४ | १२,४९,२०,३७१.२४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८,४०,५१,०००.०० | १४,७२,००,७०६.५९ | १४,७२,००,७०६.५९ |
| २५००० सहायता (Subsidy) | ३,७१,५५,७००.०० | ३,२०,२८,६५१.९२ | ३,२०,२८,६५१.९२ |
| २६००० अनुदान | ५,००,०००.०० | २,७४,०००.०० | २,७४,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १,६१,६०,०००.०० | १,५१,४४,६९७.१३ | १,५१,४४,६९७.१३ |
| २८००० अन्य खर्च | ३९,२५,०००.०० | ३१,०३,४५०.०० | ३१,०३,४५०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २५,४२,६१,०००.०० | १९,६१,६१,८०९.८० | १९,६१,६१,८०९.८० |

| | | | |
|---|---|---|---|
| घ. अन्य भूक्तानी | ८२,४१,८१७.९९ | ६८,४३,४४३.०४ | ६८,४३,४४३.०४ |
| कोषहरु | ८२,४१,८१७.९९ | ३२,३२,०७३.३४ | ३२,३२,०७३.३४ |
| धरौटी | ० | ३७,०४,४८९.७० | ३७,०४,४८९.७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -९३,१२०.०० | -९३,१२०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | (८,३५,०५,९२०.०२) | (२,८८,४२,५३६.३५) | (२,८८,४२,५३६.३५) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ८,८१,५४,७२२.८४ | ८,८१,५४,७२२.८४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (८,३५,०५,९२०.०२) | ५,९३,१२,१८६.४९ | ५,९३,१२,१८६.४९ |
| बैंक तथा नगद बाकी | | ५,९०,७५,८९२.४९ | ५,९०,७५,८९२.४९ |

५ **वित्तीय विवरण**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सुत्रप्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । सो सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

५.१ **सुत्रमा नसमेटिएको खर्चः** लिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७२७३३७४६.२०, प्रदेश पुर्वाधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रममा रु.४९५९५२९.०४,भौतिक पुर्वाधार विकास मन्त्रालयबाट प्राप्त रु.५१६४३५९.७४ र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.१०४९८८.३० समेत रु.८२९६२६२३.२८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.२ **जिम्मेवारीः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।पालिकाको आ.व. २०७७।७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८५३१४४९५।- जिम्मेवारी सार्नु पर्ने देखिएकोमा पालिकाले रु.८८१५४७२२.८४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २८४०२२७.८४ बढी जिम्मेवारी सरेको सम्बन्धमा एकिन गरी पेश गर्नुपर्ने देखिन्छ ।

५.३ **बैक हिसाब समायोजन विवरणः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम म.ले.प फारम नं. २१२ को ढाँचामा मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नु पर्दछ । पालिकाले रितपूर्वकको बैक हिसाब मिलान विवरण तयार गरी पेश गरेको छैन । स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूचि २४ बैंक तथा नगद बाँकीको विवरण अनुसार निम्न बमोजिमको खातामा श्रेस्ता भन्दा बैंकमा कम देखिन्छ ।पालिकाको अन्तिम मौज्दातमा देखिएको फरक देहाय बमोजिम रहेको छ ।बैक हिसाब मिलान बिवरण तयार गरी पेश गर्नुपर्दछ ।

| विवरण | स्रेस्ता अनुसार | वैंक स्टेटमेन्ट अनुसार | बैंक बढी | बैंक घटी |
|---|---|---|---|---|
| संचितकोष | ६८३८७५७६.७३ | ५३४०८७०६.७३ | | १४९७८८७०. |
| आन्तरिक राजस्व खाता | १८२०१९८ | ० | | १८२०१९८. |
| चालु खर्च खाता | ० | ७२७६१५.०१ | ७२७६१५.०१ | |
| पूँजिगत खर्च खाता | -४५२५००० | ३८४१५ | ४५६३४१५. | |
| धरौटी | ५११४१९६.६१ | ५३५०४९०.६१ | २३६२९४. | |

गाउँपालिकाको आ.ब. २०७८।७९ को म.ले.प. २७२ अनुसार बैंक तथा नगद बाँकी रु.५९०७५८९२.४९ रहेको छ भने बैंक स्टेटमेन्ट अनुसार रु.५९१८२१९७.८३ रहेको देखिन्छ । फरक परेको रकम सम्बन्धमा पालिकाले यकिन गर्नु पर्ने देखिन्छ ।

६ **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**

**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार खर्च नभई बाँकी रहेको रकम रु.५२८१३०२० आर्थिक वर्ष भित्रै निकासा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २१४१६१००० | १८९८३४७६७.०४ | २४३२६२३२.९६ |
| | विषेश | १९१००००० | १०९५३३४६.०४ | ८१४६६५३.९६ |
| | समपुरक | ५२००००० | २३१८११०.५७ | २८८१८८९.४३ |
| प्रदेश सरकार | शसर्त | २०१७५००० | १९५१९९६२.६३ | ६५५०३७.३७ |
| | समपुरक | २८८००००० | ११९९६७९४.०३ | १६८०३२०५.९७ |
| | जम्मा | २८७४३६००० | २३४६२२९८० | ५२८१३०२० |

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br><br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br><br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br><br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक | |

| | | | | |
|---|---|---|---|---|
| | | | राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br><br>· निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br><br>· पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br><br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br><br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | ·अधिकांश ठेक्कको ठेक्का सम्बन्धी विल र नापी किताबमा कार्यालय प्रमुखले स्विकृत गरेको पाइएन ।<br><br>·स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>·पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br><br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>·वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br><br>· आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ ले बिनियोजन,राजश्व, धरौटी तथा अन्य सरकारी कारोवारको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था गरेकोमा यस कार्यालयले ठेक्कागत अभिलेख खाता म.ले.प.फा.नं. ५०६ बनाएता पनि ठेक्का सम्बन्धी गोश्वार लगत म.ले.प.फा.नं. ५०७ बैंक प्रत्याभूति अभिलेख खाता म.ले.प.फा.नं. ६०४ र राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाताम.ले.प.फा.नं.१०६ लगायतका खाताहरु स्वीकृत ढाँचामा तयार गरेको पाईएन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण** | |
| ८.१ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ | |

| | | | | |
|---|---|---|---|---|
| | | | । | |
| ८.२ | | | **पाम्सको प्रयोगः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २५ र नियमावली, २०७७को नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी वनाउने व्यवस्था रहेको छ । जसका लागि खरिदगरिएका मालसामानको लागि खरिद आदेश दाखिला प्रतिवेदन निकासा फारम र मर्मत अभिलेख को व्यवस्थारहेको तथा उक्त कार्यलाई व्यवस्थित गर्न लागु भएको Public Assect Management System(PAMS)कोकार्यान्वयन गर्नुपर्दछ । पालिकाले उक्त व्यबस्थाको पालना गरेको देखिएन ।पालिकाले अनिवार्य रुपमा PAMSको प्रयोग गर्नुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम** | |
| ९.१ | | | **क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४४७५५०००.०० | ३९८१४१०५.५२ | ७.६७ |
| सामाजिक विकास | ३२४४२०७००.०० | २७०४६५८६४.९४ | ५२.१३ |
| पूर्वाधार विकास क्षेत्र | १५११३००००.०० | ११३६८१३९८.६३ | २१.९१ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८८५००००.०० | ६९४७२८९.८६ | १.३० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९८६९१३००.०० | ८७९२५०२७.७३ | १६.९५ |
| जम्मा | ६२७८४७०००.०० | ५१८८३३६८६.६८ | १०० |

उल्लिखित विवरण विश्लेषणबाट कुल खर्चको तुलनामा पालिकाले सबै भन्दा बढी ५२.१३ प्रतिशत सामाजिक क्षेत्रमा खर्च गरेको छ भने सबै भन्दा कम १.३ प्रतिशत रकम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा खर्च गरेको छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ९.२ | | | अबण्डा बजेट– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष निम्नानुसार शिर्षकमा रु. ५ करोड अबण्डा राखेको छ । उक्त रकम कार्यपालिकाले विभिन्न मितिम निर्णय गरेर बाडँफाडँ गरी खर्च गरेकोमा पछि सभाले समर्थन गरेको छ । यसरी अवण्डा राखी खर्च गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । | |

| सि नं | विवरण | रकम |
|---|---|---|
| १ | कृषि तथा पशु विकास कार्यक्रम | १००००००० |
| २ | गाउँपालिका अन्तर्गतका आवास भवन निर्माण तथा अधुरो भवन निर्माण | १००००००० |
| ३ | समपुरक कोष | ३००००००० |
| | | ५००००००० |

| | | | | |
|---|---|---|---|---|
| ९.३ | | | **चौमासिक पूँजीगत खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण ( शुत्रमा समावेश गरेको मात्र ) अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|

| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
|---|---|---|---|---|---|
| विभिन्न | १९६१६२ | ८०६६ | ६०५४६ | १२७५५० | ६५८७६ |
| खर्च प्रतिशत | १०० | ४.११ | ३०.८७ | ६५.०२ | ३३.५८ |

उल्लिखित विवरण अनुसार तेस्रो चौमासिकमा करिब ६५ प्रतिशत र आषाढ महिनामा मात्र करिब ३४ प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

९.४ **बजेट पेश, पारित र अख्तियारी**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले २०७८।३।८ गते रु.६२ करोड ७८ लाख ४७ हजार ( अन्तर सरकारी अख्तियारी बाहेक) को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।८ मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१०

**ठेक्का व्यवस्थापन —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कार्यान्वयन भएका १८ वटा ठेक्का मध्ये दोश्रो चौमासिकमा १२ र तेस्रो चौमासिकमा मात्र ६ वटा ठेक्का संझौता भएको देखिन्छ।यसरी ठेक्का व्यवस्थापन समयमा नगर्दा निर्धारित समयमा काम सम्पन्न हुन नसक्ने साथै कामको गुणस्तर कायम गर्न पनि समस्या हुन सक्छ।कार्यालयले नियमावलीमा तोकेको समयमा ठेक्का व्यवस्थापन गर्नु पर्दछ।

| बजेट उपशिर्षक | खरिद संझौता जम्मा | | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेश्रो चौमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विभिन्न | १८ | ८९१११ | ० | | १२ | ७९६६२ | ६ | ९४०८४ |

**म्याद थप** – सावजनिक खरिद ऐन २०६३ को दफा ५६ मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्भौताको अवधि नबढाई नहुने भएमा अधिकार प्राप्त अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष म्याद थप भएका 7 ठेक्का मध्ये ६ वटा ठेक्काको शुरु सम्झौताको अवधिको ५० प्रतिशतसम्म र १ ठेक्कामा सुरु अवधिको शतप्रतिश सम्म म्याद थप गरेको पाइयो । ठेक्काको म्याद थप गर्दा थप हुने व्ययभार र सेवाग्राहीले समयमा सेवा सुविधा नपाएको सम्बन्धमा पर्याप्त विश्लेषण गर्ने गरेको पाइएन। यस तर्फ कार्यालयले ध्यान पुर्याउनु पर्ने देखिन्छ।

११ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०<br><br>लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या | कार्यान्वयन हुन नसकेकोयोजना सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १४ | ११ | ० | ३ | १२ |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | वडास्तरीय | २४८ | ६ | ४७ | १९५ | |
| | | २६२ | १७ | ४७ | १९८ | १२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये योजनामात्र कार्यान्वयन भई योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १२ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १२.१ | | | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ताको लागि २१३३ले निवेदन दिएको २१३३, घरवाटो सिफारिश १२९६ले निवेदन दिएकोमा १२९२ सिफारिस, नागरिकता सिफारिस १५१५ नाता प्रमाणित ३८४ ले निवेदन दर्ता गरेकोमा ३८० सिफारिस तथा अन्य ९९७६ संख्यामा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले विवाह दर्ता, सम्वन्ध विच्छेदपञ्जीकरण दर्ता तथा पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| १२.२ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो बर्ष थप भएको १३ गरी कुल १८ मुद्दा दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १३ | | | **बिपद् व्यबस्थापन** | |
| १३.१ | | | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले | |

<table>
<tr><td></td><td></td><td></td><td>ऐनमा तोकिएबमोजिमको १५ सदस्य रहेको समिति गठन गरेको/समिति गठन भएतापनि आ.व २०७८।७९ मा १ मात्र बैठक बसेको छ । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br><br>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरूगरे पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३.<br>२</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन –विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रण</td><td></td></tr>
<tr><td>१४.<br>१</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको विवरण अनुसार पालिकाले यस आवमा कुल २ करोड ९६ लाख ९८ हजार ८० आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य लिएकोमा अनुमानित आयको८५.१७% अर्थात रु २करोड५२लाख९४हजार६सय९९मात्र राजस्व संकलन भएको पाइयो। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><td>अन्य स्रोतवाट प्राप्त रोयल्टी</td><td>०</td><td>९५८८५</td><td></td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>कृषि उत्पादनको विक्रिवाट प्राप्त रकम</td><td>५२८२०७९.९८</td><td>४४१८९०३</td><td>८३.६६</td></tr><tr><td>व्यवसाय कर</td><td>५०१०००</td><td>५२२७००</td><td>१०४.३३</td></tr><tr><td>अन्य शुल्क तथा दस्तुर</td><td>३७०३०००</td><td>३१९९०९८.६८</td><td>८६.३९</td></tr><tr><td>अन्य राजस्व</td><td>१७१६१०००</td><td>११६३४७१६.३९</td><td>६७.८०</td></tr></table></td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>गाउँपालिकाले अनुमानको तुलमा वहाल बिटौली कर लक्ष्यको तुलनामा ०.०८ प्रतिशत, घर जग्गा रजिष्ट्रेशन दस्तुर ० प्रतिशत असुली गरेको छ । त्यस्तै पालिकाले घर बहाल कर अनुमानको तुलनामा २७८.२१ प्रतिशत बढी कर असुल गरेको छ भने व्यवसाय करमा अनुमानको तुलनामा १०४.३३ प्रतिशत कर असुली गरेको छ । एकिकृत सम्पत्ती कर रु.१००००।- असुली गर्ने लक्ष्य राखेकोमा ९८५८२.९९असुल भएको छ । उल्लिखित विवरण अनुसार पालिकाको अनुमान यथार्थपरक देखिँदैन ।<br><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी पालिकाले निर्धारण गरेका करका दरहरुमा पुनरावलोकन एवं दायराहरु विस्तार गरेर आन्तरिक आय वस्तुनिष्ठ तरिकाले अनुमानित गरि सोहि वमोजिम राजश्व संकलन गरी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>आर्थिक सहायता र अन्य विविध खर्च</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>आर्थिक सहायता– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.२१ लाख ६० हजार आर्थिक सहायता वितरण गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>खाना तथा विविध खर्च –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२१ लाख ४१ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>पेश्की व्यवस्थापन<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद</td><td>०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको यस वर्ष निम्नानुसार ३ कार्यक्रममा रु.२७८५०००।-पेश्की बाँकी देखिएको छ । उक्त पेश्की मध्ये म्याद नाघेको पेश्की रु.२,५०,०००।-को अभिलेख व्यवस्थित गरी फस्यौंट गर्नुपर्दछ र म्याद नाघेको पेश्की बाँकी देखिएको नियमानुसार फर्छ्यौट हुनुपर्ने रु.<br><table>
<tr><td>पेश्की दिएको मिति</td><td>पेश्की लिनेको नाम</td><td>प्रयोजन</td><td>म्याद भित्रको</td><td>म्याद नाघेको</td><td>जम्मा पेश्की</td><td></td></tr>
<tr><td>१२-२०७८।११।२५</td><td>एरो नेट प्रा.लि</td><td>ब्रोडब्याण्ड सर्भिस दिनको लागि ठेक्का सम्झौता बमोजिमको पेश्की रकम भुक्तानी</td><td>५३५०००</td><td></td><td>५३५०००</td><td></td></tr>
<tr><td>२-२०७९।१।२३</td><td>एरो नेट प्रा.लि</td><td>ब्रोडब्याण्ड सर्भिस दिनको लागि ठेक्का सम्झौता बमोजिमको पेश्की रकम भुक्तानी</td><td>४११५९०</td><td></td><td>४११५९०</td><td></td></tr>
</table><br>मरिण गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समितिलाई अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन व्यवस्थापन खर्च वापत रु.२000000। पेश्कि दिएकोमा २०७९।१०।४ मा फर्छ्यौट भएको गोश्वरा भौचरको आधारमा पेश्की फर्छ्यौट प्रयोजनार्थ मात्र हेरेको ।<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१० ।२१ को निर्णयबाट रु.२५०००० ।-सम्परीक्षण गरिएको । )</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कोभिड खर्चः<br><br>आ. व २०७८।७९ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः<br><table>
<tr><td>आम्दानी स्रोत</td><td>रकम रु</td><td>खर्च शिर्षक</td><td>रकम रु</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| गत बर्षको बाँकी | ३२४८८४.४९ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ० |
| स्थानीय तहको आफ्नै वजेटवाट | ० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ० |
| संघीय कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | ० |
| प्रदेश कोभिड कोषवाट | ० | खोप कार्यक्रम खर्च | ७०८७५ |
| अन्य स्रोतबाट | ० | जोखिम भत्ता | ० |
| | | वाँकी | २५४००८.४९ |
| जम्मा | ३२४८८४.४९ | | ३२४८८४.४९ |

१८

**शिक्षा तर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक नगरेको ,

१९ **कोभिड खोप विवरणः**

कोभिड - १९ नियन्त्रण र रोकथामका लागि नेपाल सरकारले प्रदान गरेको र स्वास्थ्य कार्यालय, सिन्धुलीबाट प्राप्त कोभिड खोपको विवरण निम्नानुसार रहेको देखियो ।

| क्र.स. | खोपको नाम | इकाई | जम्मा प्राप्त | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १ | **Astrazenica** | **Dose** | ७०५० | ७०५० | ० |
| २ | **Mordona** | **Dose** | ११८३० | ११८३० | ० |
| ३ | **Jonson** | **Dose** | २२५० | २२५० | ० |
| ४ | **Verocell** | **Dose** | ३१००० | ३०७५० | २५० |
| ५ | **Covid Shield** | **Dose** | ७०५० | ७०५० | ० |

२० **राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने अवस्थामा कार्यालय प्रमुखले कारण उल्लेख गरि सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । वडागत तथा गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न शीर्षकमा प्राप्त भएको राजस्व रकम ऐनमा तोकीएको समयभित्र वैक दाखिला हुनुपर्नेमा संकलन भएको १५ दिन वा मासिक रुपमा पनि दाखिला गर्ने गरेको पाइयो। तसर्थ पालिका वा सो अन्तरगतका कार्यालयहरुमा संकलन हुने नगद रकमलाइ तोकिएको समयमा नै दाखिला गरी वित्तिय सुशासन र पारदर्शिता कायम गर्नेतर्फ सम्बन्धित पक्षले ध्यान दिन आवश्यक छ ।

२१ **आन्तरिक आय**

पालकिकाको ढुंगा, गिटी , वालुवाबाट विभाज्य कोषमा ३५८०५६०।-आम्दानी गरेकोमा सो सम्बन्धी देखिएका व्होरा देहाय

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिम रहेका छन् । | |
| २१.१ | | | **घटी परिमाण उत्खननः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी बालुवा बिक्री गर्न सक्ने व्यवस्था छ । मरिण गाउँपालिका भित्रको मरिण खोलाको क्षेत्रबाट ढुङ्गा गिट्टी र बालुवाको संकलन उत्खनन कार्यको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE)मा प्रत्येक वर्ष ९७६८५१.१५ घनफिट उत्खनन गर्ने सकिने उल्लेख गरिएको छ। सो अनुरुप पालिकाले ९७६८५१.१५ परिमाण उत्खनन् गर्नको लागि सुचना प्रकाशन गर्नुपर्नेमा ३३३३२५.४४ घनफिट मूल्यांकन गरी सूचना प्रकाशन गरेको तथा सोही बमोजिम कर संकलन गरेको पाइयो।पालिकाले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको वेवास्ता गरी उत्खनन गरेको देखिन्छ।यसरी तोकिएको भन्दा घटी परिमाणमा नदीजन्य पदार्थको उत्खननबाट पालिकाको आन्तरिक आय रु.६५४४६५६।- ( मू.अ. कर समेत) घटेको देखियो।स्वीकृत प्रतिवेदनको विपरीत नदीजन्य पदार्थको उत्खनन गर्न सिफारिस गर्ने तथा अन्य सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई प्रतिवेदनको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| २१.२ | | | **सम्झौता अनुरुप समयमा रकम प्राप्त हुनु नसकेकोः**<br><br>**(**प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१० ।२१ को निर्णयबाट रु.४६७७ ।- सम्परीक्षण गरिएको । ) | ० |
| २१.३ | | | **अनुगमन नगरेकोः** पालिका भित्रका ढुंगा, गिट्टी, बालुबा एवं रोडा संकलनको लागि पालिकाले ढकाल कन्स्ट्रक्शनसंग रु ३७२१३७८.५५ मा सम्झौता भएको छ ।गाउँपालिका र ढकाल कन्स्ट्रक्शन वीच २०७८।८।२४ मा भएको सम्झौताको बुँदा नं २४ मा नदिबाट उत्खनन् गरेको परिमाणको लगत प्रत्येक महिनाको साताभित्र अनिवार्य रुपले प्रमाणित गरी मरिण गाउँपालिकामा बुझाउनु पर्ने र बुँदा नं २६ मा ठेकेदारले सम्झौतामा उल्लेख भएका सम्पुर्ण शर्त पूर्णरुपले पालना गर्नुपर्ने र सो को अनुगमन गाउँपालिकाले गर्नुपर्ने उल्लेख छ । पालिकाले ठेक्का लगाउँदा IEE प्रतिवेदन भन्दा कमको सूचना प्रकाशन गरी ठेक्का लगाएको कारण सम्झौता अनुरुफ उत्खनन् गरेको परिमाणको लगत प्रत्येक महिनाको साताभित्र अनिवार्य रुपले प्रमाणित गरी मरिण गाउँपालिकामा नबुझाएको र साथै पालिकाले सम्झौता अनुरुप अनुगमन नगरेको कारण सम्झौता भन्दा बढी परिमाण निकाले नलिकालेको यकिन हुन सकेन । पालिकाले सम्झौता अनुरुप व्यवसायीलाई सम्झौताको पालना गराउने र अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । | |
| २२ | | | **सूचना प्रकाशनः** | |

गाउँपालिकाले विभिन्न सञ्चार माध्याममा सूचना प्रकासन गर्दा आर्थिक वर्षको सुरुवातमा नै सार्वजनिक खरिद कानून बमोजिम प्रतिस्पर्धा गराउने व्यवस्था गर्नुपर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्य विभिन्न फर्म मार्फत यो वर्ष रु. १६२७४७०.०० भुक्तानी गरेकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिने तर्फ पालिकाले ध्यानु पुर्याउनु पर्ने देखिन्छ ।

| गो.भौ.नं/मिति | सेवा प्रदायक | भुक्तानी रकम रु. | छुट लिएको प्रतिशत |
|---|---|---|---|
| १४।२०७८।६।१ | युग पव्लिकेशन(604025638) | २३३४०१.०० | १५% |
| ४६।२०७८।६।१८ | मिडिया गेट प्रा.लि.(601887042) | १६०७८७.०० | १५% |
| ४६।२०७८।६।१८ | मेहन्दो मिडिया प्रा.लि.(609758751) | ९८५४७.०० | १५% |
| ४६।२०७८।६।१८ | सिन्धुली सौगात | १००००.०० | ०.०० |
| ७८।२०७८।७।११ | युग पव्लिकेशन(604025638) | ६७४२७.०० | १५% |
| ७४।२०७८।७।९ | युग पव्लिकेशन(604025638) | १४२६३४.०० | १५% |
| १३७।२०७८।८।२१ | नमस्ते क्रियसन एण्ड एडभरटाइजिङ प्रा.लि.(601875667) | १२४८६४.०० | १५% |
| १३४।२०७८।८।२० | रेन्वो मिडिया प्रा.लि.(604308122) | ११२९५४.०० | १५% |
| १३४।२०७८।८।२० | सिन्धुली सौगात | १००००.०० | ०.०० |
| १३३।२०७८।८।२० | क्रिष्ट्ल मिडिया प्रा.लि.(606714475) | १६९५०.०० | ०.०० |
| १८२।२०७८।९।२५ | समिट क्रियसन प्रा.लि. (600758622) | ११४१०७.०० | १५% |
| १५५।२०७८।९।५ | सिन्धुली सौगात | २००००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| २०३।२०७८।१०।४ | समिट क्रियसन प्रा.लि. (600758622) | ११४८७५.०० | १५% |
| २४२।२०७८।१०।२७ | नमस्ते क्रियसन एण्ड एडभरटाइजिङ प्रा.लि.(601875667) | ९४८९६.०० | १५% |
| २४३।०७८।१०।२७ | सेवा केन्द्र मिडिया प्रा.लि.(605949247) | ८०६८२.०० | १५% |
| २६८।२०७८।११।१८ | नमस्ते क्रियसन एण्ड एडभरटाइजिङ प्रा.लि.(601875667) | ९०९७६.०० | १५% |
| २९९।२०७८।१२।४ | सेवा केन्द्र मिडिया प्रा.लि.(605949247) | १३४३७०.०० | १५% |
| **जम्मा** | | **१६२७४७०.००** | |

२३

**मु.अ.कर ननफाइलरः**

२५,४२५

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदखी वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिन भित्र कर अधिकृत समक्ष तोकिएको ढाँचामा कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । तर निम्नानुसारको व्यवसायीले निमानुसारको कर बिजक जारी गरेकोमा आन्तरिक राजस्व विभागमा निजहरुको मु.अ.कर नम्बर जाँच गर्दा मु.अ.कर ननफाइलर देखियो । सम्बन्धित आपुर्तकलाई भुक्तानी भएको मु.अ.कर रु ५४७४७।- को कर समायोजन पेश गर्नुपर्ने रु.,

| क्र.स. | भौ.नं./मिति | कामको विवरण | आपुर्तक/सेवा प्रदायक | बिजक नं./मिति | मू.अ.कर बाहेक भुक्तानी | मू.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६ | ५६३।२०७९।३।२४ | मशलन्द तथा कार्याल | मान्यता फेन्सी स्टोर्स(602639677) | ०६१/०७९।३।१२ | १९५८००.०० | २५४२५.०० | २०७७।७।बाट ननफाइलर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | य सामाग्री | | | | | |

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाणबाट फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.२९३२२ ।- सम्परीक्षण गरिएको । )

२४

**खरिद तथा मुल्यांकन समिति वैठक भत्ताः**

अर्थ मन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७.१.१ मा वैठक भत्ता सम्बनधी मापदण्डमा, कानून अनुसार गठन भएका समितिहरुको वैठकका लागि मात्र वैठक भत्ता प्रदान गर्ने तथा एकै निकाय र अन्तरगतका पदाधिकारी /कर्मचारी मात्र बस्ने वैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । गाउँपालिकाका देहायबमोजिमका कर्मचारीहरु वैठक बसी निर्देशिकाले तोके विपरित वैठक भत्ता लिएको देखियो । यस सम्बन्धमा कार्यालयमा अत्यावश्क सामाग्री खरिद गर्न र विभिन्न निर्माण कार्यको ठेक्का मुल्यांकन गर्न कार्यलय समय बाहेकको समयमा वैठक बसी काम काज गरेको कार्यालयको भनाई रहेको छ । गाउँपालिकाले अत्यावश्क नभई वैठक वस्ने र भत्ता वितरण गर्ने कार्यमा मितव्ययीता कायम गर्न ध्यान दिनुपर्दछ ।

| क्र.स. | कर्मचारीको पद नाम | वैठक संख्या | भुकतानी दर रु. | भुक्तानी रकम रु. | कर कट्टी बाहेक भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. विनोद पोखरेल | १३ | १५००.०० | १९०००.०० | १६५७५.०० |
| २ | प्र.प्र.अ. ओम बहादुर दर्जी | ५५ | १५००.०० | ८२५००.०० | ७०१२५.०० |
| ३ | ले.अ.सातैं सपना शर्मा | ८३ | १५००.०० | १२४५००.०० | १०५८२५.०० |
| ४ | अधिकृत छैठौं मिलन दुलाल | ५३ | १५००.०० | ७९५००.०० | ६७५७५.०० |
| ५ | शिक्षा अ. आठौंनवराज बराल | ९ | १५००.०० | १३५००.०० | ११४७५.०० |
| ६ | इन्जिनियर विनित ओझा | ८३ | १५००.०० | १२४५००.०० | १०५८२५.०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>ना.सु. पाँचौं सुदिप केसी</td><td>८३</td><td>१५००.००</td><td>१२४५००.००</td><td>१०५८२५.००</td></tr>
<tr><td>८</td><td>स.पाचौं(क.अ) सुमन पौडेल</td><td>५३</td><td>१५००.००</td><td>७९५००.००</td><td>६७५७५.००</td></tr>
<tr><td>९</td><td>ले.स.पाचौं शान्ता अछामे</td><td>२४</td><td>१५००.००</td><td>३६०००.००</td><td>३०६००.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६८३५००.००</td><td>५८१४००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पदाधिकारी भ्रमण भत्ताः<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.१६७८६०।- सम्परीक्षण गरिएको । )</td><td>०</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अनुगमन भत्ताः<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।८ को निर्णयबाट रु.६८२४०० ।- सम्परीक्षण गरिएको । )</td><td>०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>मरिण महोत्सवः<br><br>आयकर ऐन २०५८ को दफा ८८(१) मा लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी ख र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने र सोही ऐनको, को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू.अ.कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। मरिण महोत्सवका लागि सिन्धुली उद्योग वाणिज्य संघ, मरिण शाखाको रु. १५०००००.०० पेश्की फछ्यौंट समेत रु. २४५००००.०० भुक्तानी गरेको फाटवारीमा देहाय बमोजिमका कलाकारीता, सेवा, सामाग्री प्रयोग गरे वापत नियमानुसार कट्टी गर्नुपर्ने कर रकम घटी कट्टी गरी भुक्तानी गरेकोले थप लाग्ने कर कट्टी गरी दाखिला गर्नुपर्दछ । रु.<br><br>
<table>
<tr><td>क्र.स.</td><td>काम/ सेवाको विवरण</td><td>सेवा प्रदायक</td><td>भुक्तानी रकम रु.</td><td>कर रकमरु.</td></tr>
</table>
</td><td>१०६,२५०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १ | कला प्रस्तुत गरे वापत | सिन्धुली कला घर | १९५000.00 | २९२५0.00 |
| २ | उद्घोषण | टिकाजंग थापा | ५0000.00 | ७५00.00 |
| ३ | प्याराग्लाइडिङ्ग गरे वापत | दिल कुमार सुनुवार | ३२0000.00 | ४८000.00 |
| ४ | साउण्ड सिष्टम भाडा | मञ्जुश्री लाईट एण्ड सपलायर्स | ३९0000.00 | ५८५00.00 |
| ५ | साउण्ड सिष्टम भाडा | विजय तामाङ | २९0000.00 | ४३५00.00 |
| ६ | कला प्रस्तुत गरे वापत | सुमन मगर | ९0000.00 | १३५00.00 |
| ७ | कलाकार पारिश्रमिक | विभिन्न | ५0५000.00 | ७५९५0.00 |
| | | | **जम्मा** | **२00२५0.00** |
| | | | **कट्टी गरेको** | **९४000.00** |
| | | | **कट्टी गरी दाखिला गर्न बाँकी** | **१0६२५0.00** |

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **कार्यपत्र पेश नभएकोः**<br><br>**(**प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २0७९।१२ ।७ को निर्णयबाट रु.५८३२५।- सम्परीक्षण गरिएको । ) | 0 |
| २९ | | | **छुट करः**<br><br>आय कर ऐन, २0५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू.अ.कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष देहायका सेवा प्रदायक गैह्रसरकारी संस्थाहरूलाई सेवा कार्य वापत भुक्तानी गर्दा कर विजक जारी नगरेकोले श्रोतमा नियमानुसार हुने कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टी नगरी भूक्तानी गरेको देखिएकोले नियमानुसार १५ प्रतिशतले हुने रू. १९१९९५.00 सम्बन्धित संस्थाबाट असुल गरी राजस्व दाखिला | १९१,९९५ |

| | | | |
|---|---|---|---|
| | | | गर्नु पर्दछ । रू. |

| सि.नं. | भौ.नं./मिति | खरिद गरको सेवा/ कार्यक्रम | सेवा प्रदायकको नाम | भुक्तानी रकम | १५% अग्रिम कर |
|---|---|---|---|---|---|
| १ | १३६।०७८।८।२० | रेडियो पत्रकारिता तथा उद्घोषण तालिम संचालन | रेडीयो मरिण(615022431) | २५०००.०० | ३७५०.०० |
| २ | २९२।०७८।१२।२ | वैकल्पिक माध्यामबाट सिकाई सहजीकरण | रेडीयो मरिण(615022431) | ४५००००.०० | ६७५००.०० |
| ३ | ३३१।०७८।१२।२१ | माझीहरुको चाड लदी पुजाको डकुमेन्ट्री बनाउने कार्य | माझी चलचित्रकर्मी संघ | २०००००.०० | ३००००.०० |
| ४ | ४९३।०७९।३।१६ | न्यायिक समिति व्यवस्थापन तालिम | स्वाधिन खवर पत्रिका | ५००००.०० | ७५००.०० |
| ५ | ४८९।०७९।३।१६ | माझी कप फुटवल प्रतियोगिता | नेपाल माझी उत्तान संघ, सिन्धुली | १०५०००.०० | १५७५०.०० |
| ६ | ५२१।०७९।३।२० | मातृ भाषा सिकाईका लागि नीति निर्माण | नेपाल तामाङ घेदुङ संघ(302019986) | ४४९९७०.०० | ६७४९५.०० |
| **जम्मा** | | | | | **१९१९९५.००** |

| | | | | |
|---|---|---|---|---|
| ३० | | | **तलवी प्रतिवेदनः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथालेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा रु. १५५३७९६७.०० खर्च गरेको छ । पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ३१ | | | **पारिश्रमिक आय करः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फर्स्यौट भई असुल पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.१५३११३ ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३२ | | | **पदाधिकारी इन्धन खर्चः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फर्स्यौट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२१ को निर्णयबाट रु.९२९९० ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३३ | | | **तीज कार्यक्रमः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फर्स्यौट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.१०००००।- सम्परीक्षण गरिएको ।) | ० |
| ३४ | | | **कोभिड १९ नगद हस्तान्तरण**<br><br>**कार्यविधिको पालना :** नेपाल सरकारवाट २०७८।७।१५ को राजपत्रमा प्रकाशित कोभिड-१९ महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ३ मा नगद प्राप्त गर्ने लाभग्राहीको व्यवस्था रहेको छ । दफा ३ मा कोभिड १९ कारण गर्दै आएको रोजगारी गुमाएको, खुल्ला सडकमा नाङलो डोकोमा सामान वेच्ने, ठेलागाडा रिक्सा चालक यातायात मजदुर, कोभिड १९ को कारण एकाघरको आय आर्जन गर्ने मुख्य सदस्यको मृत्यू भई आर्थिक संकट झेल्नुपरेको परिवारलाई तोकिएको छ । सोही दफा ३(२) मा निवेदन दिँदाको समयमा निवेदकको कुनै सदस्यले सरकारी, निजि वा अन्य संघसंस्था, वैदेशिक रोजगारीको अवसर प्राप्त गरी आर्जन गरेको, सामाजिक सुरक्षा भत्ता पाउने, निवृत्तिभरण वा विदेशी सरकारवाट पेन्सन | |

सुविधा प्राप्त गरिएको संचित आय, वा पैत्रीक सम्पत्तीवाट तत्कालको खर्च पुरा गर्ने वा प्रधानमन्त्री रोजगार कार्यक्रम, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहवाट यस अघि कुनै राहत नपाएको हुनुपर्ने गरी तोकिएको छ । पालिकाले यस वर्ष प्राप्त कोभिड १९ नगद राहतको रकम निम्नानुसार वितरण गरी खर्च गरेको पाइयो ।

| वडा नं. | संख्या | रकम |
|---|---|---|
| १ | ६५ जना | ६५०००० |
| ३ | ९० जना | ९००००० |
| २ | ११० जना | ११००००० |
| ४ | १११ जना | १११०००० |
| ५ | ६९ जना | ६९०००० |
| ६ | १०४ जना | १०४०००० |
| ७ | ११० जना | ११००००० |
| जम्मा | ६५९ | ६५,९०,०००/- |

कोभिड १९ वाट प्रभावित नागरिकलाई नगद राहत वितरण सम्बन्धी नेपाल सरकार वाट स्वीकृत मापदण्ड भन्दा फरक गरी कार्यपालिकाको २०७८।१२।९ को निर्णयवाट राहत रकम वितरण गर्नाले मापदण्ड र कार्यविधि पालना नगरी भुक्तानी गरेको देखिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **शसर्त स्वास्थ्य तर्फ देखिएका व्यहोरा निम्न छन्** | |
| ३५.१ | | | शसर्त स्वास्थ्य तर्फ स्थानीय तहका स्वास्थ्य चौकी प्रा स्वा के अस्पतालमा कार्यरत कर्मचारीहरुको तलब महंगी भत्ता स्थानीय भत्ता तथा पोशाक लगायत अन्य खर्च शीर्षकबाट पदाधिकारीलाइ पटक पटक भ्रमण खर्च भुक्तानी लेखेको देखियो । यसरी स्वास्थ्य कार्यक्रममा प्रत्यक्ष रुपमा संलग्न जनशक्तिको लागि निकासा भएको रकमबाट पदाधिकारीको भ्रमण खर्च भुक्तानी गरेको उचित देखिएन । अतः कार्यक्रम बाहिरको खर्च गर्ने प्रबृतिमा सुधार गरी कार्यक्रम अनुरुप खर्च हुनु पर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ३५.२ | | | **आमा सुरक्षा कार्यक्रममा दोहोरो हुने गरी भुक्तानीः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.१०७१०००।- सम्परीक्षण गरिएको ।) | ० |
| ३५.३ | | | **बितरण प्रमाणः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.७२००० ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३५.४ | | | **भुक्तानीमा कर–**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई असुल रकम पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु. ३७९०।- सम्परीक्षण गरिएको । ) | ० |
| ३५.५ | | | **धान प्रबर्द्धन कार्यक्रमः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२१ को निर्णयबाट रु.१८००००० ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३५.६ | | | निशुल्क सेनिटरी प्याड बितरणः गाउँपालिकालाई यस बर्ष शसर्त अनुदान अन्तर्गत सामुदायिक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड व्यबस्थापनका लागि प्राप्त भएको बजेट मध्ये रु.१७,२२,७२५/- रकमको २२२५६ थान सेनिटरी प्याड शिलबन्दी दरभाउपत्रको माध्यमबाट प्याकेटप्रति प्याकेट मू अ कर समेत रु ७७.४० का दरले निरिजमा मेडिको सप्लायर्स भक्तपुरबाट खरिद गरि बितरण गरेको देखिएको छ । सेनिटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि २०७६ को परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरी प्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था भएकोमा यस स्थानीय तहले र अन्तर्गतका बिद्यालयले सो कार्यबिधि बमोजिम अभिलेख राखेको देखिएन ।अतः कार्यबिधि अनुसारको अभिलेख राखेर मात्र खर्च | |

| | | | | |
|---|---|---|---|---|
| | | | लेख्नु पर्ने देखिन्छ । | |
| ३६ | | | **कृषि तर्फ देखिएका व्यहोरा निम्न छन्** | |
| ३६.१ | | | मार्गदर्शनको पालनाः स्थानीय तहमा बिनियोजन सशर्त अनुदानको सशर्त अनुदानको बार्षिक कार्यक्रम कार्वान्वयन मार्गदर्शन २०७७।७८ को क्रियाकलाप नं ६.२.२.३८६ आमा बाबु बिहिन वालबालिका संरक्षण कार्यक्रम अन्तर्गत आमा बाबा दुबै गुमाएका बालबालिकाको शिक्षा स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षणका लागि आमा बाबु नभएका १८ बर्ष उमेर पुरा नगरेका बालबालिकालाई मासिक रु.२००० का दरले भत्ता बितरण गर्ने र यस्तो भत्ता संघीय सरकार र स्थानीय तहबाट वा अन्य कुनै प्रकृतिको भत्ता प्राप्त गरेको भए अन्य कटौती गरी यस कार्यबिधि बमोजिमको सुबिधा प्रदान गर्ने र यस्तो भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राही वालबालिकालाई मात्र वा निजको संरक्षकलाई मात्र भत्ता रकम भरपाई गरी बितरण गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक बर्षमा आमा बाबु बिहिन वालबालिका संरक्षण कार्यक्रम शीर्षकमा ४१ जना बालबालिकालाई प्रति व्यक्ति बार्षिक रु.१४६३४/- का दरले रु.५९९९४/- खर्च लेखेकोमा उक्त मार्गदर्शनले उल्लेख गरे बमोजिम बालबालिकाले यस्तो भत्ता संघीय सरकार र स्थानीय तहबाट वा अन्य कुनै प्रकृतिको भत्ता प्राप्त गरे नगरेको सो को खुल्ने गरी अभिलेख राखेको नदेखिएको साथै मार्गदर्शनले उल्लेख गरेअनुसार भत्ता रकम नगदै भरपाई गरी बितरण गर्नु पर्नेमा बैंक मार्फत बितरण गरेको देखाएकोमा सम्बन्धित लाभग्राही बालबालिकाले उक्त रकम प्राप्त गरे नगरेको यकिन हुन सकेन । यसरी भत्ता बितरण गर्दा ३ जना लाभग्राहीको खातामा रकम जम्मा भएको पनि देखिएन साथै उक्त रकम भरपाई गरेको बुझाएको पनि देखिएन तसर्थ मार्गदर्शनले उल्लेख गरेको बिधि र प्रकृया पूरा गरेर मात्र खर्च लेख्नु पर्ने देखिन्छ । | |
| ३६.२ | | | **सक्कल बीलः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.५९९९८ ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३६.३ | | | पकेट निकासा कार्यक्रम :- प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा उक्त कार्यक्रममा पकेटहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्ताववाट छनौट गर्नुपर्ने समेतको व्यवस्था छ । यो वर्ष धान | |

| | | | | |
|---|---|---|---|---|
| | | | पकेट कार्यक्रममा रकम खर्च गरेको भएता पनि संस्थाहरुको छनौट आधार तथा प्रोफाइल लेखापरीक्षणमा पेश नभएकोले कार्यक्रम संचालन आधार पुरा गरेको देखिएन । लेखापरीक्षणमा धान पकेट तर्फ क्रमश २ वटा सहकारी संकल्प बहुउद्येशीय सहकारी संस्था लि वडा नं ५ तथा साहस लघुउद्यम कृषि सहकरी संस्था मरिण ४ लाई क्रमश ६ लाखका दरले १२ लाख भुक्तानी गरेको छ । पालिकाले ४५० कठ्ठा १५ हेक्टर छनौट गर्दा घरधुरी संख्या र लाभांवित जनसंख्या उल्लेख गरेको छ । वडाहरुको कार्यक्रमवाट समेत यस्ता योजना समावेश गरी खर्च गर्ने गरेको पाइयो । धान पकेट तर्फको कार्यक्रमहरुमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना म्यानुअल अनुसारका प्रकृया परा गरे नगरेको सम्बन्धमा पुन पालिका वाटै यकिन गरी खर्चको सुनिश्चितता गर्नुपर्दछ । | |
| ३६. ४ | | | शीर्षक फरक पारी खर्चः<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.५५६०० ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३६. ५ | | | बढी खर्चः<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई असुल भई पेश भएको आधारमा मिति २०७९।१२।७ को निर्णयबाट रु.७९७१ ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३६. ६ | | | शीर्षक फरक पारी खर्चः<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.३०१५८६ ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३६. ७ | | | **बाख्रा पकेट निरन्तरता अनुदान**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२१ को निर्णयबाट रु.१३५०००० ।- सम्परीक्षण गरिएको ।) | ० |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानिय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानिय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानिय तह भित्रका वडा हरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गर्दा यस वर्ष ६९ योजना संचालन गरी पारिश्रमिक वापत रु. ९०७१४०४.०० खर्च गरेको छ । लक्षित वर्गलाई ३६ दिन देखी १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेत रु. १०२३५३०५.२७ खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी श्रृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी श्रृजना भएको देखिदैन । | |
| ३८ | | | **विल भरपाई वेगरको खर्चः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७  को निर्णयबाट रु.२०३०४ ।- सम्परीक्षण गरिएको ।) | ० |
| ३९ | | | **औषधी खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४, को ८५(१क) मा वीस लाख सम्मको औषधी जन्य माल सामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रि मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका अन्तर्गत स्वास्थ्य संस्थामा खपत हुने औषधी खरिद गरेकोमा देहायका आपुर्तिकर्ताले उत्पादक कम्पनीले राष्ट्रिय स्तरको बिक्रि मुल्य प्रकाशन गरेको प्रमाण पेश भएको छैन । कानूनले तोकेको प्रकृया वेगर खरिद गरिएको औषधी तोकिएको गुणस्तरमा मितव्ययी माध्यामबाट प्रतिस्प्रधात्मक हिसावमा खरिद भएको आधार देखिएन ।<br><br>**गो.भौ.नं.** \| **आपुर्तक** \| **रकम रु.**<br>२९६।२०७८।१२।२ \| सिद्धि गणेश आयुर्वेद सप्लायर्स \| ३९५८५७.००<br>२९७।२०७८।१२।२ \| मेडिएड कन्सर्न प्रा.लि.(304913206) \| ९५७७९५.००<br>४२४।२०७९।२।१ \| वासुकी मेडिसिन सप्लायर्स(613368355) \| ७९८००.०० | |

| गो.भौ.नं. | आपुर्तक | रकम रु. |
|---|---|---|
| २९६।२०७८।१२।२ | सिद्धि गणेश आयुर्वेद सप्लायर्स | ३९५८५७.०० |
| २९७।२०७८।१२।२ | मेडिएड कन्सर्न प्रा.लि.(304913206) | ९५७७९५.०० |
| ४२४।२०७९।२।१ | वासुकी मेडिसिन सप्लायर्स(613368355) | ७९८००.०० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>५१३।२०७९।३।२०</td><td>रमास मेडिसिन सप्लायर्स(602813875)</td><td>९३०५८०.००</td></tr>
<tr><td>५४१।२०७९।३।२१</td><td>ऋष्टिना मेडिकल हल(301628280)</td><td>९०२८०.००</td></tr>
<tr><td></td><td></td><td>२४५४३१२.००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४०</td>
<td></td>
<td></td>
<td>
धरौटी फिर्ताः<br><br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम (१२४)मा निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधी समाप्त भएपछि धरौटी रकमको ५० प्रतिशत रकम फिर्ता गर्न सकिने र धरौटीको बाँकी ५० प्रतिशत रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवशायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका आपुर्तिकर्ता, निर्माण व्यवशायी वा सेवा प्रदायकलाई धरौटी फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको पाईयो । उक्त कर चुक्ता प्रमाणले यस कार्यालयबाट निर्माण व्यवसायीले लिएको सबै मू.अ.कर भुक्तानी आयमा समावेश गरे नगरेको थाहा नहुने हुँदा धरौटी फिर्ता गर्दा नियमावलीमा उल्लेख गरे वमोजिम मू.अ.कर समायोजन गरेको वा बुझाँएको बिवरण पेश गर्नु पर्दछ । रु.
<table>
<tr><th>भौ.नं/मिति</th><th>आपुर्तकको नाम</th><th>कामको विवरण</th><th>धरौटी फिर्ता रकम रु.</th></tr>
<tr><td>३।२०७८।६।२०</td><td>भुमिका एण्ड सम्भवनिर्माण सेवा प्रा.लि. (609517914)</td><td>खानेपानी पाइप आपुर्ति</td><td>५७३९७.५०</td></tr>
<tr><td>५।२०७८।७।९</td><td>गुगल कम्प्यूटर ट्रेडर्स (600252854)</td><td>कम्प्युटर प्रिण्टर आपुर्ति</td><td>६३३१५.००</td></tr>
<tr><td>१९।२०७८।१०।२६</td><td>घ्याङलेख निर्माण सेवा (605944110)</td><td>सडक निर्माण</td><td>८६६३७.९०</td></tr>
<tr><td>३५।२०७९।२।१६</td><td>अनक कन्स्ट्रक्सन प्रा.लि. (३००९२०८६)</td><td>प्रशासकिय भवन निर्माण</td><td>७७०३३९.७२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९७७६९०।१२</td></tr>
</table>
</td>
<td>९७७,६९०.१२</td>
</tr>
</table>

(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।७ को निर्णयबाट रु. २५६१२७।- सम्परीक्षण गरिएको । )

४१ **निशुल्क वितरण हुने औषधीको प्राप्ति, उपयोग र मौज्दातको अवस्थाः**

निशुल्क वितरण हुने औषधीको प्राप्ति, उपयोग र मौज्दातको अवस्थाः यस कार्यालयबाट खरिद भएका ९ प्रकारका औषधीको प्राप्ति, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

| **औषधीको नाम** | **पालिकाबाट खरिद** | **स्वास्थ्य कार्यालयबाट प्राप्त** | **जम्मा आम्दानी** | **खर्च** | **बाँकी मौज्दात** |
|---|---|---|---|---|---|
| Tab Paracetamol 500 mg | 165000 | 12000 | 177000 | 138300 | 38700 |
| Tab Ciprofloxacin 500 mg | 15000 | 9600 | 24600 | 14530 | 10070 |
| Tab Ibuprofin 400mg | 37000 | 9600 | 46600 | 38795 | 7805 |
| Inj. Oxytocin | 700 | 1110 | 1810 | 515 | 1295 |
| Tab Almodipine 5mg | 34000 | 4000 | 38000 | 30930 | 7070 |
| CiprofloxacinEye ear drop | 2200 | 200 | 2400 | 1772 | 628 |
| Albendazole 400mg | 7000 | 11100 | 18100 | 16430 | 1670 |
| Paracetamol Syp | 2500 | 1400 | 3900 | 2953 | 947 |
| Oral Rehydration | 15000 | 1800 | 16800 | 11564 | 5236 |

औषधीको मौज्दात प्रणाली स्तरिय हुन सो को प्राप्ति र निकासा बिच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधी प्राप्त हुने समय load time, maximum consumption item को आधारमा खरिद प्राप्ति एवं मौज्दातको

<table>
<tr><td></td><td></td><td></td><td>अवस्था निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्क्ताको आधारमा खरद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटी एवं बढी समेत देखिन सक्छ ।साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको नाम पहिचान गरी खरिद र खर्च बिच सन्तुलन कायम गर्नुपर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्याउने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>शसर्त शिक्षातर्फ देखिएका व्यहोरा निम्न छन्</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्तिःस्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक र विद्यार्थीको अनुपात कम हुने विद्यालयलाई भौगोलिक अवस्था अनुसार मर्ज गरेर सञ्चालन गरि खर्चलाई मितव्ययी वनाउनुपर्दछ । साथै शिक्षक दरवन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ ।
<table>
<tr><td>विद्यालय</td><td>शिक्षक दरबन्दी</td><td>पदपूर्ति</td><td>पदपूर्ति (स्थायी)</td><td>पदपूर्ति मध्ये करार/राहत</td><td>विद्यार्थी संख्या (२०७८)</td></tr>
<tr><td>बिभिन्न ४८</td><td>२५७</td><td>२५०</td><td>५३</td><td>१९७</td><td>७८१९</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>बढी ग्रेड भुक्तानीः शिक्षकहरुको ग्रेड भुक्तानी गर्दा विद्यालय शिक्षक किताबखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले देहायका शिक्षकहरुको ग्रेड भुक्तानी गर्दा सो प्रतिवेदनमा उल्लेख भए भन्दा बढी हुने गरी ग्रेड भुक्तानी गरेको देखिएकोले बढी ग्रेड रकम रु २३२६१।सम्बन्धितबाट असुल हुनुपर्ने देखिएको रु
<table>
<tr><td>सि.नं.</td><td>विद्यालय</td><td>शिक्षक</td><td>पारित ग्रेड</td><td>खाएको ग्रेड</td><td>बढी ग्रेढ संख्या</td><td>ग्रेड दर</td><td>महिना</td><td>बढी भुक्तानी कसं कोष थप समेत</td><td></td></tr>
<tr><td>१</td><td>मा बि सिन्दुरे रातमाटा</td><td>तेज बहादुर गुर्मछान</td><td>६</td><td>७</td><td>१</td><td>१००७</td><td>१३</td><td>१४४००</td><td></td></tr>
<tr><td>२</td><td>आ बि देउराली</td><td>रामकुमार उप्रेती</td><td>७</td><td>८</td><td>१</td><td>१००७</td><td>८</td><td>८८६१</td><td></td></tr>
</table></td><td>२३,२६१</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा \| २३२६१ | |
| ४२.३ | | | **राजीनामा पश्चात तलब**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।८ को निर्णयबाट रु.३३५७३ ।-सम्परीक्षण गरिएको । ) | ० |
| ४२.४ | | | **बढी भुक्तानीः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।८ को निर्णयबाट रु.७११२ ।-सम्परीक्षण गरिएको । ) | ० |
| ४२.५ | | | बढी तलब खर्च भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५,१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने साथै खर्चको भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गर्नु पर्ने व्यबस्था छ । गाउँपालिकाले गौरीशंकर मा बि जयमंगलमा मासिक रु.३५९९०/- का दरले तलब भुक्तानी गर्ने गरी मिति २०७८।९।१३ मा नियुक्त भएका शिक्षक चमन माझीलाई २०७८।८।२४ देखिको तलब भत्ता भुक्तानी गरेको देखिएकोले नियुक्ती भन्दा १९ दिन अघिको तलब दैनिक रु.१२००/- का दरले रु.२२८००/- सम्बन्धितबाट असूल हुनु पर्ने रु. | २२,८०० |
| ४२.६ | | | **बढी निकासाः**<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।८ को निर्णयबाट रु.५०६८।-सम्परीक्षण गरिएको । ) | ० |
| ४२.७ | | | | ० |

<table>
<tr><td></td><td></td><td></td><td>गत बर्षको भुक्तानीः<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।७ को निर्णयबाट रु.३२५०४९ ।- सम्परीक्षण गरिएको । )</td><td></td></tr>
<tr><td>४२.<br>८</td><td></td><td></td><td>पाठ्यपुस्तकमा बढी निकासाः मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ को क्रियाकलाप नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थिका लागि निःशुल्क पाठ्यपूस्तक अनुदान दिने व्यवस्था छ। सो अनुसार प्रत्येक पालिकाले EMIS मा प्रविष्ट गरेको तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यपान गराई सत्यापित विवरणको आधारमा पाठ्यपुस्तकको संख्या एकिन गरी अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्नानुसारका बिद्यालयका बिद्यार्थीहरुलाई पाठ्यपुस्तक निकासा गर्दा देहायको बिद्यालयमा बिद्यार्थी संख्या भन्दा रु.११३१३/- बढी निकासा गरेको देखिएकोले बढी निकासा गरेको रकम सम्बन्धित बिद्यालयबाट असूल गरी संघीय संचित कोषमा दाखिल हुनु पर्ने रु.<br><br>
<table>
<tr><th>क्र सं</th><th>बिद्यालय</th><th>कक्षा</th><th>निकासा हुनु पर्ने संख्या</th><th>निकासा भएको संख्या</th><th>बढी संख्या</th><th>दर</th><th>रकम</th><th></th></tr>
<tr><td>१</td><td>आधारभूत बिद्यालय देउराली</td><td>१</td><td>१५</td><td>२५</td><td>१०</td><td>५१८।४</td><td>५१८४</td><td></td></tr>
<tr><td>३</td><td>आधारभूत बिद्यालय मधुबनी</td><td>३</td><td>२३</td><td>२७</td><td>४</td><td>५८०।८</td><td>२३२३</td><td></td></tr>
</table>
<br>(प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।७ को निर्णयबाट रु.३८०६ ।-सम्परीक्षण गरिएको ।)</td><td>७,५०७</td></tr>
<tr><td>४२.</td><td></td><td></td><td>पाठ्यपुस्तकमा बढी निकासाःमानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ को क्रियाकलाप</td><td>१२६,८७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ९ | | | नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थिका लागि निःशुल्क पाठ्यपूस्तक अनुदान दिने व्यवस्था छ। सो अनुसार प्रत्येक पालिकाले EMIS मा प्रविष्ट गरेको तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यपान गराई सत्यापित विवरणको आधारमा पाठ्यपुस्तकको संख्या एकिन गरी अनुदान दिनुपर्ने साथै बिद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने । यसरी अनुदान दिंदा पहिलो पटकमा बिद्यार्थी संख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने शैक्षिक सत्र २०७९ को बिद्यार्थी भर्नाको बिबरण पाठ्यपुस्तक खरिद र बितरण गरेको बिबरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने व्यबस्था रहेको छ । पालिकाले निम्नानुसारका २१ बिद्यालयमा कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके भन्दा बढी हुने गरी रु.१२६८७७/- पाठ्यपुस्तकको रकम निकासा गरेकोले बढी निकासा भएको रकम असू हुनु पर्ने | ७ |

| क्र.सं | विद्यालयको नाम | शुरुको ७५ % निकासा भएको रकम | थप २५ % समेत १००% ले निकासा हुनु पर्ने रकम | निकासा भएको रकम | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | सिर्जनसिल आ.वि. सखौरी | 44358.90 | 56219 | 59145.2 | 2926.2 |
| २ | ज्ञानोदय आ.वि. सिर्थौली | 89816.78 | 104297 | 119755.7 | 15459 |
| ३ | आधारभुत विद्यालय पाङ्ग्रेखोला | 22982.48 | 28550 | 30643.3 | 2093.3 |
| ४ | कुशेश्वर मा.वि. नकली | 188104.65 | 247632 | 250806.2 | 3174.2 |
| ५ | जनजागृती आ.वि. मथौली | 14454.00 | 17224 | 19272 | 2048 |
| ६ | मा.वि. मरिण खयरशाल | 286449.90 | 391192 | 429923.7 | 38732 |
| ७ | मा.वि. ठूलीदमार आँपचौर | 117744.98 | 144285 | 156993.3 | 12708 |
| ८ | मिलीजुली आ.वि. साहान | 6588.00 | 8249 | 8784 | 535 |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | आ.वि. लामिदमार, फुलबारी | 24907.43 | 26538 | 33209.9 | 6671.9 |
| १० | जलकन्या आ.वि. गंगटे खारखोला | 23565.38 | 30762 | 31420.5 | 658.5 |
| ११ | भुमेश्वरी आ.वि. सुनखानीटार | 37879.13 | 48864 | 50505.5 | 1641.5 |
| १२ | आ.वि. तल्लो खन्जनी घाटा | 67491.00 | 85993 | 89988 | 3995 |
| १३ | जनजाती आ.वि. बेतिनी | 8276.40 | 9948 | 11035.2 | 1087.2 |
| १४ | पञ्चकन्या आ.वि. घलानचौर | 30141.53 | 38555 | 40188.7 | 1633.7 |
| १५ | आधारभुत विद्यालय देउराली | 90100.13 | 100274 | 120133.5 | 19860 |
| १६ | आधारभुत विद्यालय भालुवाटार | 13967.78 | 16348 | 18623.7 | 2275.7 |
| १७ | जनकल्याण आ.वि. बाह्रविसे | 69455.48 | 89583 | 92607.3 | 3024.3 |
| १८ | अन्नपूर्ण आ.वि. दाहाल डाँडा | 9075.60 | 10940 | 12100.8 | 1160.8 |
| १९ | जनता आ.वि. अठुवा | 6868.80 | 7580 | 9158.4 | 1578.4 |
| २० | आधारभुत विद्यालय | 22046.48 | 24811 | 29395.3 | 4584.3 |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>भुडिफोरा</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२१</td><td>आ.वि. गैरीगाउँ थामीटोल</td><td>9122.40</td><td>11132</td><td>12163.2</td><td>1031.2</td></tr>
<tr><td></td><td></td><td colspan="3">जम्मा</td><td>126877</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.१०</td><td></td><td></td><td>दिवा खाजाः शिक्षा तर्फको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को बुँदा नं २.७.११.१ मा तोकिएका बिद्यार्थीको दिवा खाजाका लागि बिद्यालयलाई अनुदान दिने व्यबस्था छ । जस अनुसार दिवा खाजा कार्यक्रम अन्तर्गत स्थानीय तहले बिद्यालयमा प्रत्यक्ष कक्षा संचालन रहेको दिनका लागि मात्र सामुदायिक बिद्यालयमा प्रारम्भिक बालबिकास देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि उपलब्ध गराउन बिद्यालयगत तथ्यांकका आधारमा प्रति बिद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि बिद्यालयलाई निकासा दिने र उक्त १८० दिन बिद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान निकासा गर्ने व्बस्था छ । पालिकाले यस बर्ष दिवा खाजा शीर्षकमा ४८ बिद्यालयमा प्रथम देखि चौंथो त्रैमासिक सम्मको न्यूनतम ५ दिनदेखि अधिकतम २४ दिन सम्मको ५९९९५५ संख्या दिनको प्रति दिन रु १५ का दरले रु ८९९९३२९ निकासा गरेको छ । जसको परीक्षण गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिएभन्दा १४ दिन बढी हुने गरी १९४ दिनको खाजा खर्च भुक्तानी गरेको छ । दैनिक ३०९२ का दरले १४ दिनको ४३२९५ संख्याको १५ का दरले रु ६४९४३५। सम्बन्धितबाट असूल हुनु पर्ने रु</td><td>६४९,४३५</td></tr>
<tr><td>४२.११</td><td></td><td></td><td>छात्रा छात्रवृत्तिः<br><br>(प्रारम्भिक प्रतिवेदन उपर फस्योँट भई असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।८ को निर्णयबाट रु.७९०० ।-सम्परीक्षण गरिएको । )</td><td>०</td></tr>
<tr><td>४२.१२</td><td></td><td></td><td>शिक्षण सिकाईमा ।CT तथा पुस्तकालय अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को बुदा नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुद्धिणिकरणको लागि छनौट भएको विद्यालयमा शिक्षण सिकाईमा ।CT योजना वापत ६५००००</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | अनुदान वितरण गर्न सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले उक्त अनुदानको लागि मा.वि. खयरसाल छनौट गरी उक्त अनुदान वितरण गरेको देखियो । तत्पश्चात पुनः पुस्तकालय व्यबस्थापनका लागि अनुदान रु ६५००००। निकासा गरेको देखियो । यसरी एउटै बिद्यालयलाई दोरोहो हुने गरी अनुदान निकासा गरेको उचित देखिएन । कार्यक्रम कार्यान्वयन पुस्तिकाले त्यसरी प्राप्त अनुदानबाट नमुना विद्यालय व्यावस्थापन निर्देशिका २०७४ मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरि शैक्षिक पूर्वाधार स्थापना एवम् खरिदकार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया पूरा गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । विद्यालयले विभिन्न सामाग्रीहरु खरिद गरी जिन्सी आम्दानी नवाधेको फर्निचरको तथा कम्प्यूटर ल्याव स्थापना कार्य सम्पन्न नभएको तथा कार्यसम्पन्न प्रतिवेदन समेत तयार नभएको र अनुगमन प्रतिवेदन समेत पेश नभएकोले उक्त शैक्षिक तथा व्यावस्थापकीय योजना अनुदानको जिन्सी आम्दानी वाधेको प्रमाण कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन निरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ४२.१३ | | | **कार्यसम्पादनमा आधारित प्रोत्साहनः**<br><br>**(**प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट भई असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।८ को निर्णयबाट रु.५००००।-सम्परीक्षण गरिएको । ) | ० |
